# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड
# Trishuli Jal Vidhyut Company Limited

बनस्थली, काठमाण्डौ, नेपाल, फोन नं. ०१-५९०२९६४, फ्याक्स नं. ०१-५९०२९६३
इमेलः tjcl2068@gmail.com वेभसाइटः www.trishulijalvidhyut.com.np

## साविक सर्वसाधारण शेयरधनीहरुका लागि चुक्ता हुन बाँकी रकम भुक्तानी गर्ने बारेको सूचना

त्रिशुली जलविद्युत कम्पनी लि. को प्रति कित्ता अंकित मूल्य रु.१००/- दरको ३७,०५,००० कित्ता साधारण शेयरको प्रति कित्ता अंकित मूल्य रु.१०/- का दरले हुने रकम रु.३,७०,५०,०००|- अग्रिम भुक्तानी माग गरी मिति २०७५/१२/०७ गतेदेखि मिति २०७५/१२/११ गतेसम्म सर्वसाधारणहरुको लागि धितोपत्र निष्काशन तथा बिक्री खुल्ला गरेको र सो धितोपत्रको मिति २०७५/१२/१४ गते बाँडफाँट भई सम्बन्धित शेयरधनीहरुको हितग्राही खातामा शेयर समेत जम्मा भइसकेको व्यहोरा साविक शेयरधनीहरुको जानकारीका लागि अनुरोध छ ।

**जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिको दफा ११ तथा कम्पनी ऐन, २०६३ (पहिलो संशोधन) को दफा ५३ मा भएको व्यवस्थाको अधिनमा रही यस कम्पनीले साविकका शेयरधनीहरुसँग हाल भुक्तानी हुन बाँकी प्रति कित्ता मूल्य रु.९०/- मा बाँकी रकम बुझाउने अन्तिम मिति २०७९/०७/१७ गतेसम्म ब्याज बापत पाउने प्रति कित्ता रकम रु.३/- कट्टा गरी भुक्तानी हुन बाँकी प्रति कित्ता रकम रु.८७/- मिति २०७९/०६/०४ गतेदेखि मिति २०७९/०७/१७ गतेसम्मको समयावधि दिई भुक्तानी माग गरिएकोमा हालसम्म पनि अधिकांश शेयरधनीहरुबाट रकम भुक्तानी गर्न बाँकी रहेको देखिएकोले यथासिघ्र रकम भुक्तानी गर्न हुन अनुरोध गर्दछौं ।**

**आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाहरु तथा "मेरो शेयर" बाट आवेदन दिई विभिन्न कारणले आवेदन अस्वीकृत भएका शेयरधनीहरुको हकमा कारण सहितको विवरण त्रिशुली जलविद्युत कम्पनी लि.को वेभसाइट www.trishulijalvidhyut.com.np तथा ग्लोबल आइएमई क्यापीटल लि. को वेभसाईट www.globalimecapital.com मा राखिएको हुँदा उक्त विवरण हेरी CRN नम्बर लिएको आफ्नो खाता तत्काल सुचारु गरे पश्चात् पुनः आवेदन दिनु हुन अनुरोध गर्दछौं । सो सम्बन्धमा आवश्यक जानकारीका लागि आफूले CRN नम्बर लिएको बैंक तथा वित्तीय संस्थामा सम्पर्क राख्न हुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।**

**दरखास्तसाथ रकम बुझाउन सकिने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "**मेरो शेयर**" सफ्टवेयरबाट पनि साविक सर्वसाधारण शेयरधनीहरुले आवेदन गर्न सकिनेछ ।

**रकम बुझाउने शुरु मितिः २०७९/०६/०४ गतेदेखि**
**रकम बुझाउने अन्तिम मिति : २०७९/०७/१७ गतेसम्म**

| | |
|---|---|
| माग गरिएको प्रति कित्ता अंकित मूल्य (क) | : रु. ९०/- |
| रकम बुझाउने अन्तिम मितिसम्म पाउने प्रति कित्ता ब्याज रकम (ख) | : रु. ३/- |
| हाल भुक्तानी गर्नुपर्ने प्रति कित्ता रकम (क-ख) | : रु. ८७/- |

नेपाल धितोपत्र बोर्डको पत्र संख्या : नि.व्य.वि./धि.नि.सा.ल.को तथा वि.ल.को.शा./२०७९/०८०, चलानी नं. ३४९, मिति २०७९/०५/२० को पत्रबाट आस्वा शुल्क छुट भएको हुँदा आस्वा शुल्क नलाग्ने व्यहोरा समेत जानकारी गराउंदछौं ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०७९/०५/२८ गतेको "नागरिक दैनिक"** र **मिति २०७९।०५।३१ गतेको "अन्नपूर्ण दैनिक"**मा प्रकाशित आव्हान पत्र/सूचना वा यस कम्पनीको वेवसाइट www.trishulijalvidhyut.com.np वा बिक्री प्रबन्धकको वेवसाइट www.globalimecapital.com वा नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np मा हेर्न सक्नु हुनेछ ।

**पुनश्च** : यस कम्पनीबाट साविकका सर्वसाधारण शेयरधनीहरुलाई आव्हान गरेको चुक्ता हुन बाँकी रकम बुझाउनका लागि समयमा नै आफ्नो हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्न हुन समेत आव्हान गरिन्छ ।

**बिक्री प्रबन्धकः**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०७९/०६/२५ गतेको नयाँपत्रिका र कारोबार दैनिकमा प्रकाशित गर्ने